**Office of Energy and Climate Change**
**(ऊर्जा तथा जलवायु परिवर्तन कार्यालय)**

www.energy.nsw.gov.au

# एन.एस.डब्ल्यू. साना व्यवसायहरूलाई ऊर्जा बिलहरू तिर्न मद्दत गर्ने हाम्रो प्रतिबद्धता

## आर्थिक वर्ष 2023-24 मा साना व्यवसायीहरूका लागि राष्ट्रिय ऊर्जा बिल राहत




एन.एस.डब्ल्यू. का 300,000 भन्दा बढी साना व्यवसायहरू आर्थिक वर्ष 2023-24 मा एन.एस.डब्ल्यू. र अष्ट्रेलियन सरकारको $650 सम्मको लक्षित तथा अस्थायी ऊर्जा बिल राहत भुक्तानीको लागि योग्य छन् जसले बिजुलीको बढ्दो बिलको खर्च कम गर्न मद्दत गर्दछ।

### योग्यता

योग्य हुनको लागि, तपाईंको सानो व्यवसाय छुट्टै मिटरसहितको व्यवसायिक महशुलमा हुनुपर्दछ र प्रति वर्ष 100 मेगावाट घण्टा (MWh) भन्दा कम बिजुली खपत गर्नुपर्दछ।

यदि तपाईं आफ्नो घरबाट बिजुली प्रयोग गरेर आफ्नो सानो व्यवसाय चलाउनुहुन्छ भने, तपाईं योग्य हुनुहुन्न। अन्य बन्देजहरू लागू हुन सक्छन्।

प्रत्येक साना व्यवसायलाई एक पटक ऊर्जा बिल राहत भुक्तानी गरिनेछ।

### कसरी आवेदन हाल्ने

आवेदन प्रक्रिया तपाईं एक खुद्रा ग्राहक हुनुहुन्छ वा अन-सप्लाइ (एम्बेडड (embedded) नेटवर्क) ग्राहक हुनुहुन्छ भन्ने कुरामा निर्भर गर्दछ।

**खुद्रा** ग्राहकहरूले ऊर्जाको बिल सिधै उनीहरूको ऊर्जा बिक्रेताबाट प्राप्त गर्छन्।

यदि तपाईं खुद्रा ग्राहक हुनुहुन्छ भने, तपाईंले केही पनि गर्न आवश्यक छैन।

यदि तपाईं 1 जुलाई 2023 देखि त्रैमासिक किस्ताको लागि योग्य हुनुहुन्छ भने तपाईंको ऊर्जा बिक्रेताले स्वतः तपाईंको बिजुली खातामा ऊर्जा बिल राहत समायोजन गर्नेछ।

**अन-सप्लाइ (एम्बेडेड नेटवर्क)** ग्राहकहरूले उनीहरूको व्यावसाय भएको स्थलको मालिकहरू वा व्यवस्थापन कम्पनी, वा उनीहरूको तर्फबाट, ऊर्जा बिल वा इनभ्वाइस प्राप्त गर्दछन्।.

यदि तपाईं अन-सप्लाइ (एम्बेडेड नेटवर्क) ग्राहक हुनुहुन्छ भने, तपाईंलाई अक्टोबर 2023 देखि कसरी आवेदन दिने भनेर सल्लाह दिइनेछ।

### थप सहायता चाहिएमा

सर्भिस एन.एस.डब्ल्यू. को वेबसाईट **www.service.nsw.gov.au** मा जानुहोस्, कुनै पनि सर्भिस एन.एस.डब्ल्यू. केन्द्रमा जानुहोस् वा 13 77 88 मा सोमवार देखि शुक्रबार बिहान 7 बजेदेखि बेलुका 7 बजेसम्म सर्भिस एन.एस.डब्ल्यू. लाई फोन गर्नुहोस्।

QR कोड स्क्यान गर्नुहोस् वा energy.nsw.gov.au/households/rebates-grants-and-schemes/national-energy-bill-relief

जून 2023

NSW GOVERNMENT